"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ९ अंक ३७, चैत्र २०७९-बैशाख २०८०    www.ncbl.coop    15 March 2023- 15 May 2023

## सहकारीहरूको प्रभावकारी नियमनका लागि क्षमता अभिवृद्धि गर्न पालिकाहरूलाई सहकारी बैंकको आग्रह



ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडले स्थानीय तह कार्यक्षेत्र भएका सहकारीहरुको प्रभावकारी नियमन र अनुगमनका लागि पालिकामा पर्याप्त जनशक्ति सहितको सहकारी विभागको व्यवस्थापन गरी नियमाकीय क्षमता अभिवृद्धि गर्न आग्रह गरेको छ।

स्थानीय तहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट सहकारीको प्रवर्द्धन र विकासका लागि ध्यान दिन आग्रह गर्दै बैंकले देशभरीका पालिकाहरुलाई १४ बुँदे सुझाव पेश गरेको छ। पालिकाहरुलाई सुझाव दिने अभियान अन्तरगत देशभरीका पालिकाहरुलाई बैंकका तर्फबाट सुझाव पेश गरिएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले बताउनु भयो। उहाँले देशभरीका पालिकाहरु भित्रका सहकारीको प्रवर्द्धन र विकासमा सहकार्य गर्न आग्रह गर्नु भएको छ। सुझाव ग्रहन पछि स्थानिय तहका प्रमुख एंव उपप्रमुखहरुले सुझावहरुको अध्ययन गरी आगामी दिनमा सहकार्य गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त व्यक्त गरेका छन्। .....*(बाँकी पृष्ठ ३ मा)*

## जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला सम्पन्न




ललितपुर। एसिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरूको विकासका लागि सञ्जाल (नेडाक) र राष्ट्रिय सहकारी बैंक लिमिटेडको संयूक्त आयोजनामा **"जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला"** कार्यक्रम चैत्र २३ गते काठमाडौंमा सम्पन्न भएको छ।

नेडाकका अध्यक्ष पंकज कुमार बंसलको अध्यक्षतामा भएको कार्यक्रमको उद्‌घाटन भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठले गर्नु भएको थियो। काठमाडौंमा आयोजित कार्यक्रममा दुई वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा.प्रकाश कुमार श्रेष्ठले सहकारी क्षेत्रमा वर्तमान समयमा देखा परेको वित्तीय संकटको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उहाँले आफ्नो कार्यपत्रमा सहकारीको विश्वसनीयता अभिवृद्धिका लागि सहकारीहरूले कार्यान्वयन गर्नु पर्ने विभिन्न नीति कार्यविधिहरु उपर चर्चा गर्नुभएको थियो।......... *(बाँकी पृष्ठ ३ मा*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्रीकुमार गुरागाईं

**सुचना, सञ्चार तथा प्रकाशन उप-समिति**
**संयोजक**
राम बहादुर जि.सी.

**सदस्यहरु**
डिल्ली प्रसाद पोखरेल, आर एस तिमल्सिना

**सदस्य सचिव**
नवीन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी.

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
Email: Publication@ncbl.coop
ncbl@ncbl.coop
webiste: www.ncbl.coop

## सम्पादकीय

### राष्ट्रिय अर्थतन्त्रमा सहकारीको योगदान

*सहकारी एउटा यस्तो व्यवसाय हो जहाँ संयुक्त रुपमा सदस्यहरुद्वारा आर्थिक लगानी गरी सोमा व्यवसायबाट प्राप्त मुनाफा नियामनुसार वितरण गरिन्छ । एउटा अविच्छिन्न उत्तराधिकारीवाला, स्वायत्त, स्वतन्त्र र उद्यमशिल व्यवसायीक संगठन नै सहकारी हो । सहकारी एउटा यस्तो उद्यम पनि हो जसले सदस्यलाई सेवा प्रदान गदर्छ । सहकारी समुदायमा बसोवास गर्ने मानिसहरुको अभियान हो । यो पूँजीवाद र शोषणबाट मुक्तिका लागि आम जनताको संयुक्त प्रयास हो, जुन एकका लागि नभएर सबैका लागि हुने गर्दछ । हरेक नागरिकले यसको सदस्य बनेर योगदान गर्न एवं वितरीत सेवा ग्रहण गर्न सक्दछन् । यो समुदायमा आधारीत, सदस्य केन्द्रित र सहकारीको मूल्य, मान्यता, सिद्धान्त र मर्म अनुरुप संचालन हुनुपर्छ । समुदायमा छरिएर रहेका स्थानीय स्रोत, साधन र पूँजीहरुलाई एकत्रित गरी व्यवस्थापन गर्ने कार्यकुशलता वा क्षमता अभिवृद्धि गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने सवल संस्थागत माध्यम नै सहकारी हो ।*

*अन्तराष्ट्रिय सहकारी महासंघले सहकारीलाई व्यक्तिहरुको स्वच्छिक सहभागीताबाट उनीहरुको समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षा परिपूर्तिका निमित्त सामुहिक स्वामित्व र प्रजातान्त्रीक ढंगबाट नियमित स्वायत्त उद्यमको रुपमा परिभाषित गरेको छ । सहकारीलाई सैद्धान्तिक रूपमा परिचालन गर्ने हो भने रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणमा अहंम भूमिका खेल्ने कुरामा कसैको पनि दुईमत नहोला । हाम्रो जस्तो देशमा विकासको प्रभाव अन्य मुलुकबाट पर्छ। अरूको देखासिकीबाट गर्ने अभ्यास छ। देशको कुरा गर्दा पूर्वक्षेत्रमा छिमेकी मुलुकको प्रभावका कारण त्यहाँका सहकारीको विकास भएको छ। त्यसैगरी पूर्वमा मानिसहरू आफैंमा पनि सहकारी चेतना बढेको छ। त्यसरी मध्यपश्चिम तथा सुदूरपश्चिममा सहकारी केही संकुचित देखिएका छन्। देशको सहकारीको कुरा गर्ने हो भने अर्थात् तथ्यांक हेर्ने हो भने आजको दिनमा कर्णाली र सुदूरपश्चिम प्रदेशमा सहकारीको संख्या कम छ। त्यसैले त्यो क्षेत्रमा गरिबीको मात्रा बढी देखिन्छ। सहकारी धेरै भएको स्थानमा गरिबी पनि कम भएको देखिन्छ। सहकारीले नै सबै गरिबी न्यूनीकरण गर्छ भन्ने होइन ।*

*तर, यसले अहंम भूमिका भने खेलेको छ। यसर्थ सहकारी क्षेत्रलाई बलियो बनाउन मन्त्रालय खरो देखिए पनि सहकारी क्षेत्रप्रति मानिस अझै विश्वस्त हुन सकेका छैनन् । सहकारी क्षेत्रमा अपेक्षाकृत रूपमा कुल गार्हस्थ उत्पादनमा योगदान दिन सकेको छैन। राष्ट्रको संविधानले समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणको लक्ष्य पूरा गर्न सहकारीलाई एउटा महत्वपूर्ण माध्यमका रूपमा लिएको छ ।*

**सहकारीहरूको प्रभावकारी नियमनका लागि क्षमता अभिवृद्धि गर्न पालिकाहरूलाई सहकारी बैंकको** ........बैंकले देशभरका सबै पालिकाहरुलाई बजेट विनियोजन गर्दा सहकारी क्षेत्रको प्रवर्द्धनमा ध्यान दिन तथा सहकारीहरुको संस्थागत विकासमा सहकार्य गर्न आव्हान गर्दै १४ बुदे सुझाव दिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले जानकारी दिनुभयो ।

बैंकले अर्थतन्त्रको महत्वपूर्ण खम्बाका रुपमा रहेको सहकारीलाई पालिकाको राजस्व परामर्श समितिमा पदेन सदस्यका रुपमा व्यवस्था मिलाउन आग्रह गरेको छ। स्थानीय तहमा सञ्चालित सहकारी संस्थाहरुको प्रतिनिधित्व हुने गरी सहकारीहरुको पालिका समन्वय समिति गठन गर्न, सहकारीमार्फत वित्तीय सेवाको पहुँच विस्तारका लागि वित्तीय साक्षरता, सहकारी सदस्य शिक्षा तथा सहकारीको संस्थागत विकासका लागि आवश्यक तालिम कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्न बैंकले आग्रह गरेको छ। कृषि उत्पादनमा आधारित सहकारी उद्योगको विकास र बजारीकरणका लागि बजेट विनियोजन गर्न, सहकारी क्षेत्रको प्रवर्द्धनका लागि स्थानीय तहबाट विनियोजन हुने वार्षिक बजेटको ५ प्रतिशत रकम सहकारी क्षेत्रको प्रवर्द्धनका लागि व्यवस्था गर्न बैंकले सुझाव दिएको छ।

बाँझो जग्गा जमिनहरु उपयोग हुने गरी सहकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न, युवाहरुको सीप, ज्ञान तथा क्षमताको उपयोग हुने गरी उद्यम तथा स्वरोजगारीका लागि सहुलियतदरमा सहकारीमार्फत ऋण उपलब्ध गराउन, पालिका भित्र सञ्चालित सहकारी संस्थाहरुलाइ स्थानीय तहबाट लिइदै आएको कर तथा शुल्कहरुमा छुट तथा सुहलियत प्रदान गर्न सहकारी बैंकले सुझाव दिएको छ।
यसैगरी गरी स्थानीय तहभित्रका सहकारीहरुलाई सहकारी बैंकको सस्य लिन तथा वित्तीय क्षमता अभिवृद्धिका लागि प्रोत्साहन गर्न, कृषिमा आधारित उत्पादनमुलक व्यवसायको लागि विशिष्टिकृत संघको प्रवर्द्धन गर्न, पालिका भित्रका सहकारीका विवरणहरुको विद्युतिय अभिलेख अद्यावधिक गर्न, उत्कृष्ट काम गरेका सहकारीहरुलाई पुरस्कृत गर्न तथा सहकरीहरुको व्यावसायिक समक्षता अभिवृद्धिका लागि बैंकले सञ्चालन गरेको सवलीकरण कार्यक्रममा सहकार्य गर्न पालिकाहरुलाई बैंकले आग्रह गरेको छ।

---

**जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशाला**............. कार्यपत्रमा धेरै सहकारीहरू संस्थाहरुको लगानी घर जग्गा जस्ता अनुत्पादक क्षेत्रमा केन्द्रित रहेको कारण प्रतिकुल अवस्था सिर्जना भएको उल्लेख गरिएको छ। पछिल्लो समय नेपालको अर्थतन्त्रमा आन्तरिक तथा बाह्य कारणले देखा परेको वित्तीय संकटको बारेमा समेत चर्चा गरिएको थियो।

त्यसैगरी त्रिभुवन विश्वविद्यालयको इन्जिनियरिङ संस्थानका प्रोफेसर एवं जलस्रोत विद डा. विष्णुप्रसाद पाण्डेले एसियाली मुलुक सहित विश्वव्यापी रूपमा जलवायु परिवर्तनले पारेको असरलाई कम गर्नको लागि सरोकारवालाहरू बिच जलवायु-उत्थानशील नीति संवादको लागि अनुकूल वातावरण सिर्जना गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न विशेषज्ञको राय सङ्कलन गरी यसको प्रभावलाई कम गर्न एकीकृत संयन्त्र बनाएर अघि बढ्नु पर्ने भन्दै, जलवायु परिवर्तनबाट कृषि-व्यवसायको जोखिमलाई कम गर्नको लागि बिमा संयन्त्रका कार्यक्रमलाई पवर्द्धन गर्नुपर्ने बताउनु भयो।



कार्यपत्र माथि जिज्ञाशा राख्दै मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघकी अध्यक्ष कल्पना श्रेष्ठले स्थिरीकरण कोषको विषयमा राष्ट्र बैंकको भूमिका आउनु पर्ने बताउनु भयो, भने नव प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. नवलपरासी पूर्वका प्रतिनिधि रामप्रसाद काफ्लले वातावरणीय विषयलाई आयसँग कसरी जोड्न सकिन्छ भन्ने विषय धेरै राम्रो भएको बताउनु भयो । वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतका प्रतिनिधि बम बहादुर विसिले वित्तीय सहकारीहरूको प्रस्तुति धेरै जानकारी मूलक रहेको प्रतिक्रिया दिनु भयो ।

चन्द्रगिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौंका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठले सहकारीको ऋण नतिर्ने भन्ने अभियानलाई के भन्न सकिन्छ भन्दै प्रश्न गरेका थिए । कार्यक्रममा मन्तव्यको क्रममा बैंकका सल्लाहकार कमल चौंलागाईले वैदेशिक मुद्रामा भएको सुधारले राजश्वमा नोक्सान हुँदा अर्थतन्त्र आयातमा निर्भर रहेको बताउनु भयो । उहाँले भन्नुभयो 'हाम्रो देश श्रम निर्यात गर्ने र उपभोग्य वस्तु आयात गर्ने देश हो, यसको समस्या छ, बजेटमा पनि संरचनागत समस्या छ, पुँजीगत खर्च १० देखि १२ प्रतिशत मात्रै छ, यसमा पनि समस्या छ, जलवायु परिवर्तनको छवि सैद्धान्तिक मात्रै भएकोले सहकारीको लागि अलि व्यवहारिक रूपमा आउनुपर्छ' ।

स्वनियमनको विषय सबैतिर आउनु पर्ने भन्दै त्यो नै सबै होइन, तर, स्ट्याटसको समस्या रहेकोले अर्थतन्त्रको तेस्रो खम्बा सहकारी हुँदा पनि अभ्यासमा तेस्रो दर्जाको रूपमा हेरिएको गुनासो गर्नु भयो । बैंकका नि-वर्तमान अध्यक्ष रमेश पोखरेलले कार्यक्रममा प्रस्तुत दुवै विषयहरू राम्रो रहेको बताउँदै राष्ट्रिय सहकारी बैंकलाई पूर्ण बैंकिङ्ग व्यवसाय गर्न दिने विषय के भएको छ, भनेर पश्न गर्नु भएको थियो ।

कार्यक्रममा सहभागी फिलिपिन्सका प्रतिनिधिले वातावरण प्रवर्द्धनलाई बढवा दिँदै वातावरणीय क्षेत्रमा हुने क्षति कम गर्दै जलवायु परिवर्तन विरुद्धको लडाइँलाई सबैले उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनु भयो । जलवायु परिवर्तनको सन्दर्भमा हामीले आगामी पुस्तालाई स्थानीय आवश्यकता अनुसार त्यसलाई समायोजन गर्न कृषि सहकारीलेहरुले काम गर्नु पर्ने उल्लेख गर्दै सहकारीका सिद्धान्तहरू केवल ऋणको समस्या मात्र नहुने भन्दै कृषि उत्पादन र जलवायु परिवर्तनको क्षेत्रमा पनि काम गर्नु पर्नेमा जोड दिनु भयो । सहकारी विभागका रजिस्ट्रार नवराज घिमिरेले सहकारीको लागि जलवायु परिवर्तन चासोको विषय नभएता पनि यो महत्वपूर्ण क्षेत्र रहेको बताउनु भयो । उहाँले भन्नु भयो "सरकार र सहकारी एउटै पक्ष हो, सहकारीलाई सरकारले नियमन गर्ने होइन, समुदायले नै नियमन गर्ने हो, सहकारी ऐन २०७४ र नियमावली २०७५ को उद्देश्य फरक परेको भन्दै कर्जा असुली न्यायाधिकरण गठन नहुनुमा सरकारको नीतिगत समस्या भएको बताउनु भयो" । त्यसको सम्पूर्ण खर्च नेपाल सरकारको हुनुपर्छ तर नियमावलीमा त्यो व्यवस्था छैन, नेपाल सरकारको नयाँ कार्यालय नखोल्ने नीतिका कारण कर्जा असुली गठन नभएको बताउनु भयो ।




राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले सहकारी ऐनले परिकल्पना गरेका संस्थाहरुको गठनमा अभियान र सहकारी




विभागले संयूक्त रूपमा कार्य गर्नु जरुरी रहेको बताउनु भयो । उहाँले गोष्ठी अत्यन्तै महत्वपूर्ण रहेको छ, सबै कार्यपत्रहरू महत्वपूर्ण रहे, सहकारीमा भएका समस्या क्रमशः सुधार हुँदै गएको भन्दै सन्दर्भ ब्याजदर स्वचालित हुनु पर्ने बताउनु भयो । नेडाकका प्रतिनिधि डा. के. आर. सलिनले जलवायु परिवर्तनले विश्वव्यापी रूपमा विनाश भएकोले दिगोपनलाई असर गरेको बताउनु भयो । उहाँले जलवायु परिवर्तनलाई एउटै देशले गर्न नसक्ने भएकोले जलवायु परिवर्तनसँग जुध्न साझा प्रयासहरू आवश्यक रहेको बताउनु भयो। सहकारीका समस्याहरू हटाउन नवीन कार्यहरूको आवश्यकता भएकोले सहकारीहरूलाई आर्थिक रूपमा दिगो बनाउन सामाजिक उत्तरदायित्व, दिगो जीविकोपार्जनको हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा सहभागिहरुलाई स्वागत गर्दै बैंकका अध्यक्ष एवं नेडाकका उपाध्यक्ष के.बी. उप्रेतीले जलवायु परिवर्तनका कारण उत्पादनमा परेको नकरात्मक प्रभाव कम गर्न यस कार्यशालाले नीतिगत पहलकदमी लिने विश्वास व्यक्त गर्नु भएको छ।

कार्यक्रमको सञ्चालन बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले गर्नु भएको थियो। नेडाकका अध्यक्ष पंकज कुमार बंसलले कार्यक्रमको समापनमा बोल्दै राष्ट्रिय सहकारी बैंकको आतिथ्ययतामा भएको कार्यक्रममा सहभागीहरूको उपस्थिति उत्साहजनक रहेकोले कार्यशाला निकै सफल भएको बताउनु भयो । नेडाक र नेपालको सहकारीसँगको सहकार्य अद्भुत रहेको उल्लेख गर्दै साझेदार सबैलाई धन्यवाद दिनुभएको थियो।




कार्यशाला कार्यक्रममा नेडाकका प्रतिनिधिहरु, भूमि व्यवस्था सहकारी तथा गरिबि निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, राष्ट्रिय सहकारी बिकास बोर्ड, राष्ट्रिय सहकारी बैंकका सञ्चालकहरु, राष्ट्रिय सहकारी महासंघ, विषयगत सहकारी संघका प्रतिनिधिहरु र प्रारम्भिक संस्थाका प्रतिनिधिहरु कार्यक्रममा सहभागि भएका थिए।

# संस्थागत पूँजीः दिगो सहकारीको आधार

बल्लभ तिमल्सिना
तालिम अधिकृत
राष्ट्रिय सहकारी बैंक लि.



हामीले ६६ औं राष्ट्रिय सहकारी दिवस मनाएका छौं । ६६ औं राष्ट्रिय सहकारी दिवसको नाराले सहकारीको दिगोपनालाई केन्द्रित गरेको छ । स्वनियमन र सुशासन मार्फत सहकारीको दिगोपनालाई नाराले आत्मसाथ गरेको छ । सुशासन भित्र हामीले वित्तीय सुशासन र यसको प्रयोगको लागि सहकारीको संस्थागत पुँजीको बारेमा चर्चा गरौं । सहकारीको आम सिद्धान्तले सहकारी स्वयम र सदस्यहरूको वित्तीय स्थिरतालाई महत्व दिएको छ ।

वित्तीय स्थिरता त्यति बेला मात्र प्राप्त हुन्छ, जति बेला सहकारीले मुद्रास्फ्रीति भन्दा दोब्बर दरमा आर्थिक वृद्धि प्राप्ति गरिरहेको हुन्छ । वित्तीय बजारको प्रतिस्पर्धी वातावरणमा यस्ता सहकारीहरूले आर्थिक वृद्धिसँगै बजारमा बलियो उपस्थिति बनाउनु जरुरी छ । मूलधारका वित्तीय संस्थाहरु नपुगेको स्थानमा वित्तीय पहुँच अभिवृद्धि गरी न्यून आय भएका व्यक्तिहरूलाई प्रतिस्पर्धी दरमा गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने काम वित्तीय सहकारीहरूले गरिरहेका छन् । राष्ट्रिय कुल पुँजी निर्माणमा १८ प्रतिशतको हाराहारीमा सहकारी क्षेत्रको योगदानको चर्चा गरिन्छ । त्यस कारण पनि सहकारी क्षेत्र समग्र अर्थतन्त्रको एक महत्वपूर्ण पक्षको रूपमा रहेको छ । सहकारी अविच्छिन्न रूपमा सञ्चालन गर्ने गरी स्थापित संस्था हुन् । यसर्थ पनि संस्था गठन गरिसकेपछि दीर्घकालसम्म सुरक्षित रूपमा सञ्चालन गर्ने गरी रणनीति तय गर्नु अहिलेको प्रमुख चुनौती हो ।

**सहकारीको दिगोपना**

जस्तोसुकै परिस्थितिमा पनि सहकारीले आफ्नो सेवा सुचारु राख्न सक्नु, पुस्तान्तरण गर्न सक्नु, सेवाको मूल्य र गुणस्तरमा परिष्कृत हुँदै जानु र सदस्यको सन्तुष्टि वृद्धि हुँदै जाने अवस्थालाई सहकारीको दिगोपना मान्न सकिन्छ । सहकारी अविच्छिन्न उत्तराधिकारवाला संस्था भनिन्छ, जसको अर्थ नै दिगोपनासँग गाँसिएको हुन्छ । सेवा प्रवाहका हिसाबले प्रतिकुल परिस्थितिमा समेत निरन्तरता दिन सक्नु नै सहकारीको दिगोपना मान्न सकिन्छ । सहकारीको दिगोपना विभिन्न अवयवहरूसँग सम्बन्ध गाँसिएको हुन्छ । त्यसमध्ये एउटा प्रमुख अवयव हो संस्थागत पुँजी ।

**सहकारीको संस्थागत पुँजी**

वित्तीय सहकारी संस्थाहरु बैंकको जस्तै कार्य गर्ने र बैंक जस्तै देखिने गरी सञ्चालित हुन्छन् । तर नाफा कमाउने र वितरण गर्ने सिद्धान्तमा भने बैंक भन्दा सहकारीहरू फरक छन्, अर्थात् सहकारी संस्थाहरुले नाफा कमाउने र वितरण गर्नेसँग भन्दा पनि सदस्य सेवालाई प्राथमिकतामा राखेका हुन्छन् । सहकारी संस्थाले आर्थिक वर्षको अन्त्यमा हासिल गरेको खुद बचत (नाफा) बाट सहकारी ऐनले व्यवस्था गरे अनुसार छुट्ट्याएको जगेडा कोष र अन्य खर्च भएर नजाने (अवितरित) सबै प्रकारका कोषहरू नै सहकारीको संस्थागत पुँजी हो । अर्थात् कुनै कोष खर्च भएर जान्छ भने त्यस्ता कोषहरूलाई संस्थागत पुँजीको रूपमा गणना गरिदैंन । सहकारी ऐन २०७४ को दफा ६८ ले जगेडा कोषको लागि निम्न अनुसारको व्यवस्था गरेको छ ।

(१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।
(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छन् ।
(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम ।
(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम ।
(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त प्राप्त रकम ।
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**(३) उपदफा (१)** बमोजिमको कोषको रकम अविभाज्य हुनेछ । यस्तै सहकारी संस्थाको विनियममा तोकिए बमोजिमका अन्य कोषहरू जुन खर्च वा वितरण हुँदैनन्, ती सबैलाई पनि संस्थागत पुँजीको रूपमा लिन सकिन्छ । संस्थागत पुँजी वित्तीय सहकारीहरूको दिगो सञ्चालनको लागि मेरुदण्ड सरह हो, जुन ऐनले नै अविभाज्य अर्थात् वितरण गर्न नसकिने भनेर व्यवस्था गरिदिएको छ ।

सहकारीको वासलातको आकार मात्रै ठुलो हुँदैमा संस्थालाई सुरक्षित र भरपर्दो मान्न सकिदैंन । संस्थागत पुँजी बलियो भएको संस्थाले मात्रै गतिलो मुनाफा आर्जन गर्न सक्छ । वासलातको आधारमा दुई वटा सहकारी संस्थाको तुलना गर्दा संस्थागत पुँजी तुलनात्मक रूपमा बढी भएको संस्थाले बढी मुनाफा आर्जन गर्न सक्छ भलै त्यो संस्थाको वासलातको आधा अङ्क बराबर किन नहोस् । संस्थागत पुँजी लागत रहित कोष हो अर्थात् संस्थागत पुँजीले आर्जन मात्रै गर्छ र यो कोषलाई बचतलाई व्याज भुक्तानी गरे जसरी लागत व्यहोर्नु पर्दैन । वित्तीय बजारमा उपलब्ध वित्तीय सेवाहरूको छनौट गर्नुपर्दा आम मानिसहरूले सहकारीबाट सस्तो दरमा सजिलोसँग त्यस्ता सेवाहरू उपभोग गर्न सक्नुपर्छ भन्ने मान्यता रहेको छ । यसर्थ संस्थागत पुँजीले वित्तीय सहकारीको वित्तीय संरचनामा ओगटेको हिस्साले सहकारी संस्थाले दिने सेवाको मूल्य कम गर्नमा मद्दत गर्दछ । तुलनात्मक रूपमा यदि संस्थागत पुँजी कुल सम्पत्तिको अनुपातमा दश प्रतिशत भन्दा बढी छ भने अन्य वित्तीय संस्थाहरुले भन्दा कम लागतमा वित्तीय सेवाहरू उपलब्ध गराउन सहकारी संस्थाहरु सक्षम हुन्छन् । विश्व ऋण परिषद्ले वित्तीय सहकारीहरूको खुद संस्थागत पुँजी कम्तीमा दश प्रतिशत हुनुपर्ने कुरालाई जोड दिएको छ ।

**संस्थागत पुँजी कमी हुँदा पर्न सक्ने नकारात्मक वित्तीय अवस्थाहरुः**

**क)** नकमाउने सम्पत्ति खरिद गर्दा सदस्यहरूको बचत र सेयरको रकमका साथै बाह्य ऋणको प्रयोग हुन जान्छ,
**ख)** भाखा नाघेको ऋणले हुन जाने जोखिमको सामना गर्न संस्था सक्षम हुँदैन,
**ग)** आम्दानीको स्तर घट्न जान्छ,
**घ)** सेवाहरू प्रतिस्पर्धी दरमा उपलब्ध गराउन सकिदैंन ।

संस्थागत पुँजी बलियो हुँदा (कम्तीमा खुद दश प्रतिशत) सेयर रकम सङ्कलन गर्नुपर्ने चाप पर्न जाँदैन र थोरै रकम वा भर्नौं एक कित्ता शेयरमा पनि सदस्य बनाउन सकिन्छ । सहकारी संस्था लाभांशमुखी नहुने भएकोले पनि कुल सम्पत्तिमा दश प्रतिशतको हाराहारीमा सेयर पुँजी हुँदा समग्रमा वित्तीय स्थायित्व कायम राख्न सकिन्छ, तर संस्थागत पुँजी दश प्रतिशत भने पुगेको हुनुपर्दछ ।


संस्थागत पुँजी स्थिर राख्नको लागि सहकारी संस्थाहरुले कुल सम्पत्तिको आधारमा खुद ऋणलाई सत्तरी देखि असी प्रतिशतभित्र, सेयर पुँजी दश प्रतिशत, बचत सत्तरी देखि असी प्रतिशत कायम गरिराख्नुपर्छ । सहकारी संस्थाहरुले विना विश्लेषण ठुला ठुला घर बनाउने, महँगा फर्निचरहरू खरिद गर्ने, सजावटमा थुप्रै रकम लगानी गर्दा ती लगानीले कमाउने अवसर गुमाउँछ र अन्तत्वगोत्वा संस्थागत पुँजीमा नकारात्मक असर पर्न जान्छ । उचित वित्तीय संरचनाले मात्रै संस्थागत पुँजीलाई स्थिरता प्रदान गर्न सकिन्छ । सम्पत्तिको वृद्धि हुँदा पनि संस्थागत पुँजीका अनुपात घट्छ, यसर्थ सम्पत्ति वृद्धि हुँदा ऋण लगानीलाई वृद्धि गर्नेतर्फ सहकारी संस्थाले रणनीति तय गर्नुपर्छ ।

ऋण लगानी र तरल सम्पत्तिले (बैंकमा जम्मा गरेका रकमहरू) कमाउने दरमा सधैं उच्चता कायम गरिराख्न सक्नुपर्छ । विभिन्न शीर्षकहरूमा भएका खर्चहरू बजेटले तोकेभन्दा बढी हुन दिनुहुँदैन । भाखा नाघेको ऋणलाई हर हमेसा पाँच प्रतिशतभन्दा कम कायम गर्दा ऋण जोखिम कोषको लागि खर्च लेख्न पर्दैन र नाफामा क्षति हुँदैन, फलस्वरूप संस्थागत पुँजी वृद्धि गर्नमा मद्दत पुग्दछ । खर्च गरेर बाँकी भएका कोषहरूलाई आर्थिक वर्षको अन्त्यमा संस्थागत पुँजीमा रूपान्तरण गर्नुपर्दछ । विशेष गरी सदस्यलाई लाभांश वितरण भन्दा पनि प्रतिस्पर्धी दरमा बचत र ऋणका सेवाहरू उपलब्ध गराउने तर्फ वित्तीय सहकारीहरूले आफूलाई रूपान्तरण गर्दै लानुपर्ने देखिन्छ । लाभांश वितरण गर्दा बजारमा एक वर्षे मुद्दतीमा चलेको औषत बचतको व्याज दरभन्दा बढी हुनुपर्दछ र ऐनले तोकेको भरमा पन्ध्र वा अठार प्रतिशत हुन जरुरी छैन ।

यस वर्षको नाराको सार्थकता सहकारीको दिगोपनाका लागि वित्तीय अनुशासन र स्वनियमनमा निर्भर छ । यसका लागि संस्थालाई अविच्छिन्न र निरन्तर सेवा प्रवाह गर्न सक्ने बनाउनका लागि संस्थागत सुशासन, असल अभ्यासको अनुसरण र संस्थागत आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउनुपर्छ ।

*लेखक राष्ट्रिय सहकारी बैंकको तालिम अधिकृत हुनुहुन्छ ।*

## राष्ट्रिय सहकारी बैंकद्वारा लीलामणि पोखरेललाई सल्लाहकारमा मनोनीत



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको सल्लाहकारमा लीलामणि पोखरेल मनोनीत हुनुभएको छ । बैंक सञ्चालक समितिको चैत्र २६ गते बसेको बैठकले पूर्व सांसद समेत रहनु भएका पोखरेललाई मनोनीत गरिएको बैंकका अध्यक्ष के.बी.उप्रेतीले बताउनु भयो ।

पोखरेलसँगै बैंकको सल्लाहकारमा केशव बडाल, दीपक प्रकाश बास्कोटा, कमल चौंलागाई, राधा घले, मीनराज कँडेल, धर्मदत्त देवकोटा, प्रा.डा. विश्वम्भर प्याकुरेल र केशव निरौला रहनु भएको छ ।

# राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेती 'प्रबल जनसेवाश्री' पदकबाट विभूषित



काठमाडौं। राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी. उप्रेती **"प्रबल जनसेवाश्री" (चुतर्थ)** पदकबाट विभूषित हुनुभएको छ । गत असोज ३ गते संविधान दिवसको अवसरमा घोषित उक्त विभूषणबाट उप्रेती बैशाख १ गते सम्मानित हुनुभएको हो । राष्ट्रपति भवन शितल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट उप्रेती विभूषित हुनुभएको छ।

राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तिहरुलाई प्रदान गरिने सम्मान बैंक, वित्तीय तथा सहकारी क्षेत्रबाट अध्यक्ष उप्रेतीलाई लाई प्रदान गरिएको छ।

उप्रेतीसँगै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एवम् बैंकका सल्लाहकार मिनराज कंडेल पनि सोहि पदकबाट विभुषित हुनु भएको छ। नेपालको संविधानको धारा २७७ को उपधारा १10 बमोजिम गत भदौ २९ गतेको मन्त्रिपरिषद्को सिफारिसमा तत्कालिन राष्ट्रपति विद्यादेवि भण्डारीले संविधान दिवसका अवसरमा उप्रेती र कँडेल सहित ९९८ जनालाई विभिन्न विभूषण, अलङ्का र पदक प्रदान गर्ने घोषणा गर्नुभएको थियो । सोहि पदकबाट गत वर्ष बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं विभुषित हुनु भएको थियो। अध्यक्ष उप्रतीले विभूषित हुन पाउँदा असाध्यै हर्षित भएको भन्दै 'अभूतपूर्व सम्मान पाउनु मेरो लागि ठूलो सौभाग्यको कुरा भएको बताउनु भयो' । उहाँले भन्नु भयो "मेरो हौसला, मनोबल र आत्मविश्वासलाई बलियो बनाउनुका साथै अविश्वसनीय अवसर तथा चुनौतीपूर्ण अवस्थाहरूको सामना गर्न सदैब साथ र सहयोग प्रदान गर्नु भएकोमा मेरो परिवार, सहकर्मीहरू, साथीभाइहरू, राष्ट्रिय सहकारी बैंक परिवार एवम् सम्पूर्ण सरोकारवालाहरूप्रति म कृतज्ञ छु" । संकल्प, उद्देश्य र पहिचानको खोजीमा यात्रा गर्नुपर्ने जीवन एउटा सुन्दर यात्रा हो भन्ने मलाई लाग्छ र यस्ता कदर एवम् सम्मानहरूले जीवनको यात्रामा थप उर्जा प्रदान गर्ने भन्दै यो सम्पूर्ण सहकारीकर्मीको सम्मान भएको उल्लेख गर्नु भयो।

# राष्ट्रिय सहकारी बैंकलाई अन्तर्राष्ट्रिय राईफिसेन संघ (आइआरयू) को सदस्यता प्राप्त

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडलाई सहकारी क्षेत्रमा क्रियाशिल अन्तर्राष्ट्रिय निकाय अन्तर्राष्ट्रिय राईफिसेन संघ (आइआरयू) ले पूर्ण सदस्यता प्रदान गरेको छ । आइआरयूले बैंकलाई २०२३ अप्रिल १७ मा सदस्यता प्रदान गरेको आइआरयूले इमेल मार्फत जानकारी दिएको छ। नेपालबाट सदस्यता प्राप्त गर्ने बैंक पहिलो हो ।

सन् १९६८ मा जर्मनीको वनमा स्थापना भएको उक्त संघमा हाल जापान, अष्ट्रेलिया, कोरिया, इटाली, ताइवान, फ्रान्स, जर्मनी, केन्या, भारत, इटाली, स्वीट्जरल्याण्ड सहित विश्वभरका ३३ देशका सहकारी क्षेत्रमा काम गर्ने ५० वटा संघ/संस्थाहरु आवद्ध रहेका छन् । सहकारी सिद्धान्तमा आधारित भएर, विश्व सहकारी अभियानको प्रवर्द्धनमा क्रियाशिल उक्त संघले सहकारीको मूल्य, मान्यता, सहकारीको अन्तर्राष्ट्रिय सिदान्त र सदस्यहरू बीच अनुभव आदान-प्रदान गर्ने कार्यक्रमहरु अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सहजीकरण गर्दै आएको छ। त्यस्तै सदस्यको प्रमुख मुद्दाहरूमा सदस्यहरूबीच सूचनाहरुको आदान-प्रदानलाई सहजीकरण र प्रोत्साहन गर्ने र

समाधान खोज्नका लागि अन्तर सहकारी बीच सहकार्य गर्ने गरेको छ। राष्ट्रिय सहकारी बैंकले यस अघि सहकारी सम्वन्धी पेशागत क्षमता अभिवृद्धि गर्न र अन्तर्राष्ट्रिय रुपमा बैंकको क्षेत्र विस्तारको लागि अन्तर्राष्ट्रिय निकायहरु International Cooperative Alliance ( ICA) Association of Asian Confederation of Credit Unions (ACCU), Regional Network for the Development of Agricultural Cooperatives in Asia and the Pacific (NEDAC), Asia–Pacific Ruraland Agricultural Credit Association (APRACA), Centre for International Cooperation in Agricultural Banking (CICTAB), International Co-operative Banking Association (ICBA) सहित ६ वटा निकायको सदस्यता प्राप्त गरको थियो । बैंकले ती संघ/संस्थाहरुसंग समन्वय गरी नेपालको सहकारी अभियानलाई अन्तर्राष्ट्रिय जगतमा परिचित गराउन सफल भएको छ। राष्ट्रिय रुपमा बैंकलाई राष्ट्रिय निकाय राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त गरेको छ।

"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक" भन्ने परिकल्पना सहित अघि बढेको बैंकले अन्तर्राष्ट्रिय सम्बन्धका क्षेत्रमा आफ्नो उपस्थिति बाक्लो बनाएको छ । त्यसैगरी अन्तर्राष्ट्रिय जगतमा नेपालका असल असल अभ्यासहरु गरिचित गराउने कार्य गर्दै आएको बैंकले जनाएको छ ।

बैंकका अध्यक्ष के.बी. उप्रेतीले अन्तर्राष्ट्रिय राईफिसेन संघ (आईआरयू) को सदस्यता प्राप्त भएसंगै राष्ट्रिय सहकारी बैंकको अन्तर्राष्ट्रिय सम्बन्ध थप बलियो भएको बताउनु भयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले आईआरयूको सदस्यता प्राप्त सँगै सहकारी मार्फत प्राविधिक सहयोग, सहकारीको असल अभ्यास, प्रविधि, पैरवी लगायतका वृहत क्षेत्रमा सहकार्य गर्न सहज भएको बताउनु भयो ।

२०६० असार २५ गते दर्ता भई सहकारी संघ संस्थाहरुसंग मात्र कारोबार गर्दै आइरहेको राष्ट्रिय सहकारी बैंकले ६८ वटा शाखा मार्फत देशभरका सहकारी संघ संस्थाहरुसँग कारोबार गर्दै आइरहेको छ । बैंकमा हाल १६ हजार शेयर सदस्य रहेका छन् ।

# सहकारीका समस्या सदस्यसँग बसेर समाधान गरौ : सञ्चालक जि.सी.

ललितपुर । राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीमा आउने हरेक समस्याको समाधान शेयर सदस्यहरुकाबीचमा बसेर खोज्न सहकारीका सञ्चालक र व्यवस्थापकहरुलाई आव्हान गर्नु भएको छ।



राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाले बैशाख ८ गते बलेवामा आयोजना गरेको बलेवा क्षेत्रका सहकारीका सञ्चालकहरुको क्षमता अभिवृद्धि कार्यक्रममा सहजीकरण गर्दै जिसीले यस्तो बनाउनु भएको हो । सहकारीमा आउने समस्याको समाधान राज्यसंग, अभियानसंग वा अन्यत्र खोजेर मात्र समाधान हुदैन, समस्या संस्था सञ्चालन प्रक्रियामा छ, समाधान सदस्यहरुसंग छ, बैंकका सञ्चालक जिसीले भन्नुभयो,-'समस्या संस्थामा हुन्छ, समाधान अन्यत्र खोजेका कारण सहकारी अलमलमा छ, अब समस्याको समाधान शेयर सदस्यहरुको बीचमा बसेर खोजौ, समस्या समाधान सदस्यहरुबाट मात्रै संभव छ ।' सहकारीका संरक्षक, सञ्चालनकर्ता र उद्धारकर्ता कोही छ भने सदस्य मात्र हुन्, सदस्यलाई बाहिर राखेर सहकारीमा देखिने समस्या समाधान नहुने भएकाले सदस्यहरुलाई संस्थाको यथार्थ अवस्था जानकारी गराउने, कमजोरी भएका छन् भने सुधारका लागि प्रतिवद्धता व्यक्त गरेर सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने जिसीको भनाइ छ।

कार्यक्रमका सहभागीहरुले सहकारीका सदस्यहरुलाई बढी ब्याजको प्रलोभन देखाउने, ऋण लगानीका अनावश्यक प्रतिस्पर्धा गर्ने, सदस्य शिक्षाका कार्यक्रम सञ्चालन नगर्ने, नाफाका लागि मात्रै सदस्य बन्ने लगायतका समस्या देखिएको

भन्दै सहकारीको अनुगमनलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिएका थिए ।

सहकारीको उद्देश्य केन्द्रीय व्यवसाय सञ्चालन गर्ने, सहकारीहरुमा आउने समस्या समाधानका लागि सहकार्य र समन्वय गर्ने, उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने, सञ्चालकहरुले मान्नु पर्ने विधि प्रक्रियाको पूर्ण पालना गर्ने तथा प्रविधिको प्रयोगमा ध्यान दिन सके सहकारीमार्फत धेरै काम गर्न सकिने बताएका थिए ।

कार्यक्रममा जैमिनी नगरपालिका र बागलुङ नगरपालिका वडा नं. १२, १३ र १४ बलेवा क्षेत्रका १२ वटा सहकारी संस्थाका अध्यक्ष, सञ्चालक र व्यवस्थापक गरी ४० जनाको सहभागिता रहेको थियो ।

बलेवा एकता वचत तथा ऋण सहकारी संस्था लिमिटेडको संयोजनमा सम्पन्न कार्यक्रममा स्वागत संस्थाका प्रवन्धक भरत पौडेल र सञ्चालन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो ।

## कावासोतीमा सहकारीका सञ्चालकहरुलाई क्षमता अभिवृद्धि तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कावासोती शाखाको आयोजनामा सञ्चालित दुई दिवसीय सहकारी संस्थाका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम वैशाख ८ गते सम्पन्न भएको छ ।

बैशाख ७ र ८ गते सञ्चालन भएको तालिम समापनको अवसरमा मन्तव्य राख्दै जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष होमनाथ जैसीले बैंकले सञ्चालन गर्ने यस्ता व्यवहारिक तथा प्राविधिक तालिमहरू नीरन्तर सञ्चालन गरि यस क्षेत्रको सहकारी अभियानलाई थप सबल तथा व्यवस्थित गर्न महत्वपूर्ण योगदान पुर्‍याएको बताउनु भयो ।

कार्यक्रममा जिल्ला कृषि सहकारी संघ नवलपुरकी अध्यक्ष देवकी भण्डारीले तालिममा सिकेको ज्ञानलाई व्यवहारिक रूपमा लागु गर्न आग्रह गर्नु भयो । तालिममा सहभागीहरूका तर्फबाट तिलु पुन र जगत काजी गुरुले मन्तव्य राख्दै तालिम प्रभावकारी तथा उपयोगी भएको भन्दै बैंकले यस्ता किसिमका तालिम नियमित रूपमा सञ्चालन गर्न आग्रह गर्नु भयो ।

तालिममा नवलपुर जिल्लाका विभिन्न सहकारी संस्थाहरूबाट संस्थाका सञ्चालकहरू, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति तथा उच्च व्यवस्थापन तर्फका कर्मचारीहरू गरी २८ जनाको सहभागिता रहेको थियो ।

तालिममा सहकारी सञ्चालन सम्बन्धमा आवश्यक पर्ने ऐन, नियम, संस्थाको विनियम, विभिन्न नीति कार्यविधिहरू, सञ्चालक समितिको काम कर्तव्य र अधिकार लगायतको विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत राज कुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

जिल्ला सहकारी संघ नवलपुरका उपाध्यक्ष खिना भुसालको अध्यक्षतामा भएको तालिम कार्यक्रमको सञ्चालन बैंकको कावासोती शाखाका प्रमुख रुक्मत श्रेष्ठले गर्नु भएको थियो ।

## सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध काठमाडौंका संस्थाहरु बिच समीक्षा

ललितपुर । राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको केयर कार्यक्रममा आबद्ध काठमाडौं उपत्यका भित्रका संस्थाहरूको बिचमा सिकाई अनुभव साटासाट एवम् केयर समीक्षा गोष्ठी सम्पन्न भएको छ ।




सोमबार स्वतन्त्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौंको आयोजना एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा स्तरीकरण कार्यक्रम केयरमा आबद्ध काठमाडौं उपत्यकाको ७ वटा सहकारी संस्थाहरूका बिचमा समीक्षा गोष्ठी भएको थियो । समीक्षा गोष्ठीको

उद्घाटन राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष उप्रेतीले सहकारी संस्थाहरुको आजको आवश्यकता नै संस्थागत सुशासन एवं दिगो विकास रहेको र सोही सन्दर्भमा बैंकले सहकारी स्तरीकरण कार्यक्रम सञ्चालनमा ल्याएको बताउनु भयो। सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले यसमा आबद्ध संस्थाहरुको स्तरोन्नतिका लागि स्थलगत अनुगमन, गैर-स्थलगत अनुगमन लगायत यस किसिमका समीक्षा गोष्ठीले प्रत्यक्ष सहयोग पुऱ्याउने बताउनु भयो । सहकारी संस्थाहरुको स्तर मापन गरी आवश्यक प्राविधिक सहयोग मार्फत स्तरोन्नतिका लागि बैंकले यस कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको कुरामा जोड भयो।

आयोजक संस्थाका अध्यक्ष सुदर्शन थापाको अध्यक्षतामा भएको समीक्षा गोष्ठीमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य विशिष्ट अतिथि रहनु भएको थियो। कार्यक्रममा हेलो बचत तथा ऋण सहकारी संस्था ली।, हिल टप जुनार बहुउद्देश्यीय सहकारी संस्था ली।,चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था ली, स्वतन्त्र बचत तथा ऋण सहकारी संस्था ली।, पालुङ बहुउद्देश्यीय सहकारी संस्था ली, अन्नपूर्ण बहुउद्देश्यीय सहकारी संस्था ली र ॐ साइराम बचत तथा ऋण सहकारी संस्था ली। गरी ७ वटै संस्थाहरुले पालै पालो प्रस्तुतीकरण गरेका थिए । समीक्षा गोष्ठीमा छ वटै संस्थाको नेतृत्व र व्यवस्थापनको जिम्मेवार कर्मचारी गरी २/२ जनाको सहभागिता रहेको थियो।

संस्थाहरुको प्रस्तुतीकरणका आधारमा बैंकको सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य र अधिकृत नव कुमार अधिकारीले छलफल एवं अन्तरक्रिया गर्नु भएको थियो । संस्थाको प्रस्तुतीकरणका आधारमा वित्तीय स्वस्थता र आन्तरिक सुशासनका क्षेत्रमा संस्थाहरुले सुधार गरी संस्थाको स्तरोन्नति गर्नु पर्ने निचोड निकालिएको थियो।

## इटहरीका सहकारीकर्मीहरूलाई सहकारीमा कर व्यवस्था विषयक तालिम




ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड इटहरी शाखाले आयोजना गरेको सहकारीमा कर व्यवस्था विषयक एक दिने तालिम बैशाख १४ गते सम्पन्न भएको छ।

सहकारी संघ/संस्थाका प्रतिनिधिहरूलाई आयकर कानुनमा भएका व्यवस्था बमोजिम कर व्यवस्थापन गर्दै सहकारी संघ/ संस्थाहरुको सुशासनको क्षेत्रमा अद्यावधिक गरी आफ्नै संस्थामा बसेर कर भुक्तानी गर्न सिकाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैकले जनाएको छ।

आन्तरिक राजश्व कार्यालय इटहरीका कर अधिकृत सुरेश दाहाल र अश्विन भट्टराई ले सहकारीमा भएको कर व्यवस्था र इ-टिडिएसका विषयमा सहजीकरण गर्नु भएको थियो। तालिममा सुनसरीका विभिन्न सहकारी संघ/संस्थाबाट ३२ जना सहकारीकर्मीहरुको सहभागिता रहेको थियो।

## राष्ट्रिय सहकारी बैंकका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान

ललितपुर। राष्ट्रिय सहकारी बैक लिमिटेडले आफ्ना कर्मचारीहरूलाई निरन्तर क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ। सुनसरीको इटहरीमा वैशाख १५ गते देखि आयोजना गरिएको २ दिवसीय तालिममा बैंकको मधेश प्रदेश र कोशी प्रदेशमा रहेका शाखा कार्यालयहरूमा कार्यरत सहायक स्तरका २४ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

बैंकमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी बैंकको साख र गरीमा वृद्धिमा कर्मचारीहरूलाई सरिक बनाई छिटो छरितो, गुणस्तरीय र प्रविधियुक्त सेवा सञ्चालनका लागि कर्मचारीहरूलाई दक्ष बनाउने उद्देश्यले तालिम सञ्चालन गरेको बैंकले जनाएको छ। तालिमको पहिलो दिन उत्कृष्टता सदस्य सेवा, कागजात तथा जालसाजी र जाली मुद्राको प्रमाणीकरणको विषयमा मुकुल प्रधान र दोस्रो दिन बैंकका सूचना सुरक्षा अधिकृत विपुल गौतमले साइबर सुरक्षाको विषयमा प्रस्तुतीकरण दिनु भएको थियो।

# गलकोटमा सहकारी बैंकको कर्जा असुली व्यवस्थापन तालिम



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको आयोजनामा जिल्लाको मध्य भाग गलकोटमा २ दिने कर्जा लगानी तथा असुली व्यवस्थापन तालिम बैशाख १६ सम्पन्न भएको छ।

सहकारी संघ संस्थाहरुले सदस्यलाई लगानी गर्दा ध्यान दिनु पर्ने विषयहरु, आवश्यक कागजातहरु, सुरक्षणका प्रक्रियाहरु लगायत सुरक्षित ऋण लगानी र प्रभावकारी असुलीका बारेमा सचेत बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको बैंकले जनाएको छ।

तालिममा सहजीकरण गर्दै बैंकका अधिकृत राजकुमार बरालले वित्तीय सहकारीहरुले ऋण लगानीलाई सुरक्षित, सहज र प्रभावकारी बनाउनका लागि सबैभन्दा बढी ध्यान दिनु पर्नेमा जोड दिनु भएको थियो । ऋण लगानीमा ध्यान नदिदा जोखिम बढ्ने भएकाले सबै सहकारीकर्मीहरुलाई ऋण लगानी र असुलीमा सचेत रहन उहाँले सुझाव दिनुभयो । कार्यक्रममा जिल्ला सहकारी संघ बागलुङका पूर्व सञ्चालक चिन्तामणी शर्मा, गलकोट सहकारी सञ्जालका संयोजक विरेन्द्र श्रेष्ठले सहकारी बैंकले सहकारीलाई प्रभावकारी रुपमा सञ्चालनका लागि निरन्तर समन्वय गरेको बताउनुभयो । उहाँहरुले गलकोट नगरपालिका भित्रका सहकारीहरुलाई संस्थागत रुपमा सञ्चालनका लागि समन्वय गरेर अगाडि बढ्नका लागि सरोकारवाला सबैलाई आव्हान गर्नु भएको थियो। तालिम समापन कार्यक्रममा सहभागीहरुका तर्फबाट सयपत्री बहुउद्देश्यीय सहकारी संस्थाका ऋण अधिकृत विकास सुवेदी र सहयोगी महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष देवी खत्रीले तालिम फलदायी रहेको, लगानी गर्दा अपनाउनु पर्ने सावधानीका बारेमा धेरै जानकारी पाएको बताउनु भएको थियो। बैशाख १४ र १५ गते सम्पन्न तालिमको समापन कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो।

# कैलालीमा सहकारी बैंकको सदस्य सम्मान तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न




ललितपुर। कैलालीको लम्किचुहा नगरपालिकाकी नगर प्रमुख सुशीला शाहीले सहकारी क्षेत्रले राष्ट्रको समृद्धिका लागि खेलेको भूमिका महत्वपूर्ण रहेको बताउनु भएको छ। राष्ट्रिय सहकारी बैंकले बैशाख १७ गते कैलालीको लम्कीमा आयोजना गरेको "सदस्य सम्मान तथा अन्तरक्रियात्मक कार्यक्रममा" बोल्दै सहकारी क्षेत्रले गरेको सहयोगले गाउँ बस्तीका किसानलाई आर्थिक उपार्जनमा टेवा पुगेको उल्लेख गर्नु भयो।

उहाँले भन्नु भयो, 'छरिएर रहेको स-सानो पुँजीलाई सहकारीले एकीकृत गरेर त्यही समुदायमा लगानी गरेको छ । जसले गर्दा सहुलियतमा विना धितो आर्थिक विपन्नता भएका किसानले ऋण लिई आय-आर्जनका क्रियाकलापमा लगानी गरेका प्रशस्त उदाहरण छन् ।' सहकारीका माध्यमबाट कृषि क्षेत्रमा पुगेको टेवाको कारण ग्रामीण भेगका समुदायको जीवनस्तरमा सुधार भएको उल्लेख गर्नु भयो।

उहाँले पछिल्लो समय सहकारी लगायत वित्तीय क्षेत्रमा देखिएको समस्यालाई सबैले मिलेर समाधान गर्नुपर्नेमा जोड दिनु भयो । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी विरुद्धका भ्रामक गतिविधि र अफवाहका कारण जनस्तरमा अविश्वास बढेको भन्दै त्यस्ता गतिविधि गर्नेलाई सरकारले

कारबाही गर्नु पर्ने बताउनु भयो । उहाँले वित्तीय सहकारी क्षेत्रमा देखिएको तरलता समस्या तत्काल समाधानका लागि राष्ट्रिय सहकारी बैंकमार्फत परिचालन हुने गरी सहुलियत ब्याजदरमा ३ वर्षसम्मका लागि १० अर्ब रकम उपलब्ध गराएमा तत्काल समस्या समाधान हुने बताउनु भयो ।

पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका चुनौतीलाई समाधान गर्नका लागि सरकारले कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण लगायतका व्यवस्था तत्काल कार्यान्वयन गर्नु पर्नेमा उप्रेतीको जोड थियो ।

सुदूरपश्चिम प्रदेश सभाका पूर्व सदस्य रतन थापाले सहकारी क्षेत्रलाई दिगो, मर्यादित, सुशासित बनाउन सहकारी संघ संस्थाहरुको प्रभावकारी अनुगमनका लागि दोस्रो तहको नियामक संस्था तत्काल स्थापना हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा बैंकका सञ्चालकहरू शिवा थापा, विजया धिता, केन्द्रीय लघुवित्त उपसमितिका सदस्य डम्बर बहादुर शाह, नेपाल बहुउद्देश्यीय सहकारी संघका सञ्चालक सुरेन्द्र कुमार शाह, जिल्ला सहकारी संघका जय प्रसाद न्यौपाने, बहुउद्देश्यीय सहकारी संघ कञ्चनपुरका अध्यक्ष प्रेम सिंह भाट लगायत अतिथिहरूको उपस्थिति रहको थियो ।

कार्यक्रममा बैंकको १९ औं वार्षिक साधारण सभामा घोषणा गरिएका विभिन्न विधाका पुरस्कारहरु मध्ये प्रादेशिक स्तरबाट उत्कृष्ट सहकारी विद्या पुरस्कारबाट युवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड कञ्चनपुर र किसान कल्यान बहुउद्देशीय सहकारी संस्था लिमिटेड लम्की कैलाली सम्मानित भएका छन् ।

त्यसै गरी शाखा स्तरीय पुरस्कारबाट आर्थिक वर्ष २०७८/०७९ मा धनगढी शाखामा कारोबार गर्ने नियमित तर्फ शुभेच्छा पशुपालन सहकारी संस्था लिमिटेड र उत्कृष्ट तर्फ सृजनशील महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड रहेका छन् । महेन्द्रनगर शाखाबाट नियमित तर्फ निङ्गलाशैनी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र उत्कृष्ट कारोबार तर्फ मेगा बचत तथा ऋण सहकारी संस्था लिमिटेड सम्मानित भएका छन् ।

सम्मानित संस्थाका प्रतिनिधिहरूलाई कार्यक्रमका प्रमुख अतिथि लम्किचुहा नगरपालिकाकी नगर प्रमुख सुशीला शाही र बैंकका अध्यक्ष के.बी. उप्रेतीले प्रशंसा पत्रद्वारा सम्मानित गर्नु भएको थियो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश भित्रका सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# राष्ट्रिय सहकारी बैंकद्वारा सञ्चालित नेपाल लेखामान तालिम सम्पन्न

काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा वैशाख १६ गते देखि सञ्चालित तीन दिवसीय नेपाल लेखामान तालिम १८ गते सम्पन्न भएको छ।




सहकारी संस्थाहरुको लेखा व्यवस्थापनमा एकरूपता कायम गरी स्तरीय लेखा व्यवस्थापन मार्फत कानुनी परिपालनामा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ।

तालिम समापनको अवसरमा बोल्दै बैंकका सञ्चालक ध्रुब राज बिष्टले नेपालको सहकारी क्षेत्रमा वित्तीय विवरण तयार पार्दा अपनाउनुपर्ने लेखाका सिद्धान्त तथा मानहरु तयार गर्नको लागि बैंकले तालिम सञ्चान गरेको बताउनु भयो ।

नेपालको सहकारी क्षेत्रमा पहिलो पटक आयोजना भएको तालिममा चार्टड एकाउन्टेनहरु (सिए) राजकुमार फुयाँल र सुदिप घिमिरेले सहजीकरण गर्नु भएको थियो । तालिममा लेखामानका ४१ शीर्षकहरूमा छलफल भएको थियो ।

तालिममा देशभरका विभिन्न ४१ सहकारी संस्थाहरूबाट प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक, लेखा अधिकृत सहित संस्थामा लेखा हेर्ने ४५ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सञ्चालन गर्नुभएको समापन कार्यक्रमा तालिमका सहभागिहरुलाई सञ्चालक ध्रुबराज बिष्टले प्रमाण पत्र वितरण भएको थियो ।

# नयाँ बजारमा ऋण असुली तथा व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड नयाँबजार शाखाले आयोजना गरेको दुइ दिवसीय ऋण असुली तथा व्यवस्थापन तालिम बैशाख २० गते सम्पन्न भएको छ । सहकारीका सदस्यहरुलाई ऋण लगानी तथा असुली गर्दा अपनाउनु पर्ने विधिहरु, आवश्यक कागजातहरु, धितो मूल्यांकन, जमानत लगायत संभावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा ऋण लगानीका प्रक्रियाहरु, क्षमतामा आधारित ऋण लगानी, व्यवसाय विश्लेषण, ऋण अनुगमन र निरीक्षण, जोखिम पहिचान र व्यवस्थापन, सहकारीको ऋण असुली सम्बन्धी कानुनी व्यवस्थाहरु, ऋणको वर्गिकरण, ऋण असुलीका उपायहरु, भाखा नाघेको ऋण असुली गर्ने तरिका लगायतका विषयमा सहजीकरण गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले सहकारीमा वचत फिर्ताको चाप बढ्दै जादा ऋणी सदस्यहरुलाई भुक्तानीको चाप बढ्ने भएकाले सतर्क रहन आव्हान गरेका छन् ।

सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमसिल्नाले तालिममा सहजीकरण गर्दै ऋण लगानी गर्दा ध्यान दिन नसकेका कारण खराव ऋण बढेकोले पनि सहकारीमा तरलता व्यवस्थापनमा असर गरेको बताए ।

तालिममा नयाँबजार आसपासका विभिन्न १८ सहकारी संस्थाबाट १९ जनाले सहभागीता जनाएका थिए । बैंकको नयाँबजार शाखाका प्रमुख लोकेन्द्र के.सी. ले सञ्चालन गर्नु भएको तालिमको उद्घाटन मंगलबार बैंकका अध्यक्ष के.बी. उप्रेतीले गर्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

ललितपुर । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको १९ औं स्थापना दिवसको अवसरमा “सहकारी संस्थामा तरलता व्यवस्थापनको स्थिति र समाधानको उपाय” विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बैशाख २० गते राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा भएको अन्तरक्रिया कार्यक्रममा वित्तीय सङ्कट सामान्य नभएसम्म सहकारीमा देखिएको समस्या कम हुन सक्ने अवस्था नभएको कार्यक्रमका सहभागीहरूले बताएका छन् । संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्नको लागि राज्यसहित सरोकारवाला सबै पक्षहरू जिम्मेवार भएर लाग्नु पर्ने बताउनु भयो । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौड्यालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारी संस्थामा तरलता व्यवस्थापनको स्थिति र समाधानको उपायका विषयमा सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रममा संघमा आबद्ध सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहको थियो । त्यसै गरी संघले स्थापना दिवसको अवसरमा विभिन्न संघ संस्थालाई पुरस्कृत गरेको छ ।

# कीर्तिपुर क्षेत्रका सहकारीकर्मीहरूलाई वार्षिक बजेट तर्जुमा तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड कीर्तिपुर शाखाले गरेको आयोजना एक दिवसीय वार्षिक बजेट तर्जुमा तालिम सम्पन्न भएको छ ।

कीर्तिपुर शाखा अन्तरगतका सहकारी संस्था सञ्चालक तथा कर्मचारीहरुका लागि लक्षित गरि तालिम सञ्चालन गरेको बैंकले जनाएको छ । तालिम समापनका क्रममा बोल्दै बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज खड्काले सहकारी क्षेत्रलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि संस्थाहरुले योजना बनाएर काम गर्नु पर्ने र त्यसका लागि बैंकले सञ्चालन गरेको तालिम सहयोगी हुने बताउनु भयो । उहाँले संस्थाहरु कारोबारका आधारमा नभई योजना, कार्यक्रम र सुशासनका हिसाबले प्रभावकारी हुनु पर्नेमा जोड दिनु भयो । कीर्तिपुर नगरपालिकाको सहकारी शाखाका प्रमुख सुजिन्द्र महर्जनले सहकारी संस्थामा बजेट तर्जुमाको आवश्यकत्तालाई तालिमले सहयोग पुऱ्याउने बताउनु भयो ।

कार्यक्रममा कीर्तिपुर र दक्षिणकाली नगरपालिका क्षेत्रमा रहेका २५ सहकारी संस्थाबाट ३२ जनाको सहभागिता रहेको थियो । तालिमलाई बैंकका तालिम अधिकृत बल्लभ तिमल्सिनाले सहकारी संस्थामा वार्षिक बजेट तर्जुमाको विषयमा सहजीकरण

गर्नुभएको छ । कार्यक्रमका सहभागिहरुले तालिमले आफ्नो संस्थाको वार्षिक बजेट तर्जुमा गर्न सहज भएको बताएका छन् ।

कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन राष्ट्रिय सहकारी बैंकको कीर्तिपुर शाखाका प्रमुख समीर मानन्धरले गर्नु भएको थियो ।

# नवलपरासी र बर्दियामा केयर समिक्षा कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको सहकारीहरुको स्तरीकरण कार्यक्रम अन्तरगत केयरमा आवद्ध संस्थाहरुको केयर समिक्षा कार्यक्रम बैशाख २७ गते दुई छुट्टा-छुट्टै स्थानमा सम्पन्न भएको छ ।




नवलपरासी जिल्लामा केयरमा आबद्ध मधुबन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र बर्दियामा कुसुम्वादेवी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजित कार्यक्रममा केयरमा संस्थाहरुको वित्तीय अवस्था, सुशासन र आन्तरिक व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो ।

सहकारीहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रणनीतिक योजना निर्माण गर्ने, संस्थागत पूँजि वृद्धिको योजना बनाउने, सञ्चालक समिति र उपसमितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, तरलता व्यवस्थापन लगायतका विषयमा छलफल भएको थियो ।

सहकारी संस्थालाई सिद्धान्त अनुसार सञ्चालन गर्न स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रुपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरु कार्यान्वयन गर्दै जादा संस्थालाई धेरै व्यवस्थित गराउन सहज भएको बताइएको थियो ।

नवलपरासी र बर्दियामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकको स्तरीकरण विभागका अधिकृतहरु क्रमश नवकुमार अधिकारी र सूर्य प्रसाद रिमालले सहजीकरण गर्नु भएको थियो । उहाँहरुले संस्थाहरुको अवस्थाको बारेमा जानकारी गराउँदै सुधारका लागि आवश्यक सुझावहरु समेत दिनुभएको थियो । उक्त कार्यक्रमले सहकारीको सञ्चालन सहित गुणस्तरीय सेवाको अभियानमा ठूलो सहयोग मिल्ने बैंकका सञ्चालक माधवलाल देवकोटाले बताउनुभयो ।

नवलपरासीमा भएको कार्यक्रममा ८ वटा संस्थाको र बर्दियामा भएको कार्यक्रममा बाँके जिल्लाका २ र बर्दिया जिल्लाका ४ वटा गरी ६ वटा संस्थाहरूका व्यवस्थापन प्रमुखबाट संस्थागत प्रस्तुतीकरण भएको थियो । कार्यक्रमबाट २४ बुदे प्रतिबद्धता जारी गरिएको छ ।

# ज्यामरुककोटका महिला भन्छन् : 'हाम्रो सहकारी हामी सुरक्षित गर्छौं'

ललितपुर । म्याग्दीको बेनी नगरपालिका वडा नं. २ ज्यामरुककोटका महिलाहरुले आफुहरुले सञ्चालन गरेको सहकारी आफुहरुले नै सुरक्षित रुपमा सञ्चालन गर्दै आएको बताएका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा ज्यामरुककोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको २ दिने सहकारी शिक्षा तालिमका सहभागी महिलाहरु यस्तो बताएका हुन् ।देशका विभिन्न ठाउँमा ठुलो ठुलो कारोबार गर्ने सहकारीहरुले वचत फिर्ता गर्न नसकेका समाचारहरुको प्रभाव गाउँघरमा समेत पर्न थालेको चर्चा गर्दै उनीहरुले आफुहरुले चलाएको सहकारीमा कुनै समस्या नभएको र आगामी दिनमा पनि समस्या आउन नदिने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

अन्यत्र यस्तो भयो, उस्तो भयो, हाम्रोमा के हुन्छ ? भन्ने आशंका व्यक्त गर्ने शेयर सदस्यहरुलाई समेत उनीहरुले निर्धक्क भएर कारोबार गर्न आव्हान गरेका छन् ।

६ जना दिदी बहिनी संगठित भएर सहकारी चलाएका छौ, मासिक २५ रुपैया संकलन गरेर शुरु भएको संस्थामा यतिबेला ५० लाख शेयर रकम, १ करोड ४५ लाख वचत रकम र २ करोड ऋण लगानी छ, संस्थाका अध्यक्ष विष्णु थापाले भन्नुभयो, हामीले

संस्थामा जम्मा भएको रकम ३ सय जना दिदी बहिनीहरुलाई ऋण लगानी गरेका छौ, सदस्यबाट संकलन गरेको वचत र शेयर रकम सदस्यहरुमा नै लगानी भएकाले संस्थामा समस्या आउदैन, सबै ढुक्क हुनुहोस् ।




सहकारीमा गैर सदस्य समेतबाट रकम संकलन गर्ने र सञ्चालक लगायत सिमित व्यक्तिहरुले रकम चलाउने गरेका कारण केही सहकारीहरुमा आएको समस्याले आम जनतामा नै सहकारीप्रति आशंका देखिएको भन्दै अध्यक्ष थापाले सहकारीको समस्या पहिचान गर्ने, समस्या परेमा सहयोग गर्ने जिम्मेवारी शेयर सदस्यहरुको भएकाले सहकारी क्षेत्रमा आएको समस्यालाई समाधान गर्नका लागि सदस्यहरुको जागरुकता बढाउनु पर्नेमा जोड दिनुभयो ।

संस्थाका सचिव उमा शर्माले सहकारीप्रति देखिदै गएको अविश्वास हटाएर सहकारीलाई थप व्यवस्थित र प्रभावकारी रुमपा सञ्चालनका लागि सदस्य जागरण अभियान शुरु गरिएको जानकारी दिनुभयो ।

तालिममा सहजीकरण गर्दै राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारीको दिगोपना र प्रभावकारीताका लागि सदस्यहरुलाई सचेत बनाउन आवश्यक रहेको बताउनुभयो ।

शहरी क्षेत्रमा सञ्चालनमा रहेका केही सहकारीहरुको व्यवस्थापनमा कमजोरी, सिमित व्यक्तिहरुको गलत क्रियाकलापका कारण आज आम समुदायमा सहकारीप्रति आशंका छ, जिसीले भन्नुभयो,-'सहकारीप्रतिको आशंका मेटाउन तथा निर्धक्क भएर सहकारीमा कारोबार गर्ने वातावरण बनाउनका लागि सबै सहकारीहरुले सदस्यलाई सचेत र जागरुक बनाउनु पर्छ ।' कार्यक्रममा संस्थाका जेष्ठ शेयर सदस्य कृष्ण कुमारी कार्की, सञ्चालक सपना क्षेत्री र पवित्रा कार्की लगायतले सहकारीमा सदस्यहरुको भूमिका, काम कर्तव्य र अधिकारका बारेमा सचेतना आवश्यक रहेको बताउनु भएको थियो ।

संस्थाका शेयर सदस्यहरुलाई सहकारीको पछिल्लो अवस्थाका बारेमा जानकारी गराउनुका साथै सहकारीमा देखिएका समस्या समाधानमा सदस्यहरुको भूमिकालाई थप प्रभावकारी बनाउने उद्देश्यले तालिम आयोजना गरिएको सचिव शर्माले जानकारी दिनुभयो ।

बेनी नगरपालिका वडा नं. २ कार्यक्षेत्र रहेको संस्थाले ६ सय जना शेयर सदस्यसंग मासिक वचत संकलन लगायत सदस्यहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# 'सहकारीमा वचत फिर्ताको चाप बढे, ऋणीलाई समस्या हुन्छ'

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाले आयोजना गरेको २ दिने कर्जा लगानी तथा असुली व्यवस्थापन तालिम बैशाख १३ गते सम्पन्न भएको छ ।




सहकारीले सदस्यहरुलाई ऋण लगानी गर्दा अपनाउनु पर्ने विधिहरु, आवश्यक कागजातहरु, धितो मूल्यांकन, जमानत लगायत संभावित जोखिम कम गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको बैंकले जनाएको छ ।

तालिममा ऋण लगानीका प्रक्रियाहरु, क्षमतामा आधारित ऋण लगानी, व्यवसाय विश्लेषण, ऋण अनुगमन र निरीक्षण, जोखिम पहिचान र व्यवस्थापन, सहकारीको ऋण असुली सम्बन्धी कानुनी व्यवस्थाहरु, ऋणको वर्गिकरण, ऋण असुलीका उपायहरु, भाखा नाघेको ऋण असुली गर्ने तरिका लगायतका विषयमा सहजीकरण गरिएको थियो । कार्यक्रमका सहभागीहरुले सहकारीमा वचत फिर्ताको चाप बढ्दै जादा ऋणी सदस्यहरुलाई भुक्तानीको चाप बढ्ने भएकाले सतर्क रहन आव्हान

गरेका छन् । सहकारी बैंकका अधिकृत राज कुमार बरालले तालिममा सहजीकरण गर्दै ऋण लगानी गर्दा ध्यान दिन नसकेका कारण खराव ऋण बढेकोले पनि सहकारीमा तरलता व्यवस्थापनमा असर गरेको बताउनु भएको थियो ।

तालिम समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक राम बहादुर जिसीले वित्तीय कारोबार गर्ने सहकारीहरुले ऋण लगानी र असुलीका विधि प्रक्रिया र अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्नेमा जोड दिनु भएको थियो । तालिममा सिकेका कुरा आ-आफ्नो संस्थामा लगेर कार्यान्वयन गर्न सुझाव दिदै उहाँले ऋणको जोखिम न्यूनिकरण गर्न सके सहकारीको समस्या सहजै समाधान हुने धारणा राख्नुभयो ।

नेफ्स्कुनका सञ्चालक चण्डी प्रसाद शर्माले सहकारीले सदस्यहरुलाई विधिसम्मत ऋण लगानीका लागि कर्मचारीको भूमिका प्रभावकारी हुनु पर्नेमा जोड दिनुभयो । उहाँले सञ्चालक साधारणसभाबाट निर्वाचित भएर आएका हुन्छन्, उनीहरुलाई प्राविधिक कुरा थाहा नहुन पनि सक्छ, तर कर्मचारी पढेरै जागिर खान आउने भएकाले नीतिसंगत नहुने कुरामा सञ्चालकहरुलाई समेत रोक्ने गरी काम गर्न उहाँले सुझाव दिनुभयो ।

तालिम समापन कार्यक्रममा सहभागीहरुको तर्फबाट अभियान बहुउद्देश्यीय सहकारी संस्थाका सचिव गणेश प्रसाद शर्मा, सिवाइसी वचत तथा ऋण सहकारी संस्था डिमुवा सेवा केन्द्रका कर्मचारी बाल कुमारी आचार्यले तालिमले ऋण व्यवस्थापनका विधि र प्रक्रिया लगायत जोखिम न्यूनिकरणका विषयमा सहजता ल्याउन सहयोग पुग्ने धारणा राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नु भएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा तनाव व्यवस्थापन कार्यक्रम

ललितपुर । जिल्ला सहकारी संघ लिमिटेड बागलुङको १६ औं स्थापना दिवसका अवसरमा तनाव व्यवस्थापन कार्यक्रम बैशाख १३ गते सम्पन्न भएको छ ।

जिल्ला सहकारी संघको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रमको उद्घाटन बागलुङ नगरपालिकाका कार्यवाहक नगर प्रमुख राजु खड्काले गर्नु भएको थियो ।

कार्यवाहक नगर प्रमुख खड्काले सकारात्मक सोचका साथ चुनौतीको सामना गर्न तत्पर हुन सके जुनसुकै समस्या सहज रुपमा समाधान भएर जाने बताउनुभयो ।

यतिबेला बागलुङका केही सहकारीमा आएको तरलताको असहज अवस्थालाई लिएर धेरै टिका टिप्पणी र तनाव लिन जरुरी छैन, यतिबेला आएको चुनौती हो, यसलाई हामी सबै मिलेर समाधान गरिछाड्छौ, उहाँले भन्नुभयो ।

सहकारी अभियानका साथीहरु यसको समस्या समाधानका लागि निरन्तर खटिनु भएको छ, त्यसमा सरकारी निकायको तर्फबाट हामीले सहजीकरण र समन्वय गरी राखेका छौ, समस्या समाधानको प्रयास सफलतातिर गैरहेको छ भन्दै उहाँले सबैलाई सकारात्मक रुपमा अगाडि बढ्न सुझाव दिनुभयो ।

कार्यक्रममा ब्रह्माकुमारी राजयोग केन्द्रका अन्तर्राष्ट्रिय प्रशिक्षक रमण भट्टराईले तनाव व्यवस्थापन सम्बन्धमा सहजीकरण गर्नु भएको थियो ।

उहाँले सकारात्मक सोच राखेर गरिने हरेक क्रियाकलापले समस्यालाई समाधान गर्न सहजता प्रदान गर्ने भएकाले सबैलाई सकारात्मक हुन आव्हान गर्नु भयो ।

तवावमुक्त जिवन जिउनका लागि खानपान, आराम, समय व्यवस्थापनमा ध्यान दिनु पर्ने भन्दै उहाँले निरन्तर सक्रिय हुन सकेमा पनि तनावमुक्त भएर बाच्नका लागि सहयोगी हुने बताउनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी संघ बागलुङका संस्थापक अध्यक्ष कृष्ण शंकर श्रेष्ठ, पूर्व अध्यक्ष तथा सल्लाहकार राम बहादुर जिसी, पूर्व अध्यक्ष तथा सल्लाहकार दिपक गौतम, सल्लाहकार तथा नेफ्स्कुनका सञ्चालक चण्डी प्रसाद शर्मा लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम जिल्ला सहकारी संघका अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जिसी (अञ्जु) को अध्यक्षता, उपाध्यक्ष पिंगला खड्का जिसीको स्वागत र सचिव तेज प्रसाद शर्माको सञ्चालनमा सम्पन्न भएको थियो ।

# सहकारी बैंकको प्राविधिक सहयोगमा नेतृत्वको दक्षता अभिवृद्धि तालिम सम्पन्न

ललितपुर । शिव बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मधुवन नगरपालिका-१, बर्दियाका सञ्चालक समितिहरूको दक्षता अभिवृद्धि तालिम बैशाख ३० गते सम्पन्न भएको छ । राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, सल्लाहकारहरू र व्यवस्थापनका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले तालिम सञ्चालन गरेको संस्थाले जनाएको छ । बैशाख २९ र ३० गते सञ्चालन भएको तालिममा बैंकका अधिकृत सूर्य प्रसाद रिमालले सहकारी प्रतिको संवैधानिक अपेक्षा, सञ्चालक समितिमा हुनुपर्ने ज्ञान सीप तथा नेतृत्वको

जिम्मेवारी, सहकारीमा सुशासन, सहकारी ऐन २०७४ तथा नियमावली २०७५ मा भएका व्यवस्था, नेतृत्वको स्वमूल्याङ्कन लगायतका विषयमा सहजिकरण गर्नु भएको थियो।

संस्थाका अध्यक्ष सिताराम चौधरीको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा मधुवन नगरपालिका वडा नम्बर-१, का वडाध्यक्ष, मीन बहादुर थापाको प्रमुख आतिथ्यता रहेको थियो।

# पर्वतको सदरमुकाम कुश्मामा सहकारी बैंकको शाखा सञ्चालन गर्न माग



ललितपुर। पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा सञ्चालन गर्न स्थानीय सहकारीकर्मीहरुले माग गरेका छन्।

जिल्ला सहकारी संघ लिमिटेड पर्वतको अगुवाईमा पर्वतका सबै स्थानीय तहका सहकारीकर्मीहरुका तर्फबाट जिल्ला सदरमुकाममा सहकारी बैंकको शाखा सञ्चालन गर्न माग गरिएको हो।

संघका अध्यक्ष शेषराज रेग्मी र कोषाध्यक्ष देवी क्षेत्री सहितको टोलीले जेठ २४ गते बैंकको केन्द्रीय कार्यालय ललितपुर कुपण्डोलमा पुगेर बैंकका अध्यक्ष के.बी.उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईलाई माग पत्र बुझाएको हो।

पर्वत जिल्लाका सात वटा स्थानीय तह र प्रदेशबाट नियमन हुने गरी ३ सय ८८ वटा सहकारी संघ संस्था रहेका र ति मध्ये १ सय २५ वटा सहकारी संस्था बैंकको सदस्य भइ कारोबार समेत गर्दै आएको संघको माग पत्रमा उल्लेख छ। सदस्य नभएका सहकारीहरु पनि बैंकको सदस्य बन्ने प्रक्रियामा रहेको र सबै सहकारीहरुले आफ्नो कारोबार सहकारी बैंकमार्फत नै गर्नका लागि शाखा माग गरेको जिल्ला सहकारी संघ पर्वतका अध्यक्ष शेषराज रेग्मीले जानकारी दिनुभयो।

बैंकका अध्यक्ष के.बी.उप्रेतीले पर्वत जिल्लाको सदरमुकाम कुश्मामा शाखा सञ्चालनका लागि बैंकको साधारणसभाबाट निर्णय गरी नियमनकारी निकायमा पठाइएको जानकारी दिनुभयो। उहाँले शाखा सञ्चालनका लागि बैंकका तर्फबाट प्रक्रिया अगाडि बढाइएको छ, नियमनकारी निकायले अनुमति दिदासाथ कुश्मामा शाखा सञ्चालन गरिने बताउनुभयो।

राष्ट्रिय सहकारी बैंकले गण्डकी प्रदेशमा हाल ७ वटा शाखामार्फत कारोबार गर्दै आइरहेको छ। बागलुङ, तनहु र नवलपुरमा एक एक वटा शाखा तथा कास्की र स्याङ्जामा दुई दुई वटा शाखा सञ्चालन भइरहेका छन्। गण्डकी प्रदेशका पर्वत, म्याग्दी, लमजुङ, गोर्खा र तनहुको पश्चिम क्षेत्र (शुक्लागण्डकी) मा सञ्चालन हुने गरी थप शाखा माग गरिएको बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले जानकारी दिनुभयो।



# ब्याजदर परिवर्तन सम्बन्धी सूचना

मिति २०८०/०१/०८ गते देखि लागु हुने गरि बचत तथा कर्जाको शिर्षकहरुमा तपशिल बमोजिमको ब्याजदर कायम गरिएको हुँदा सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**बचत तर्फ**

| खाताको प्रकार | न्यूनतम मौज्दात तथा अवधि | ब्याजदर |
|---|---|---|
| साधारण बचत | ० मौज्दात | ४.२५ |
| | न्युनतम मौज्दात रु.१,०००/- | ४.५० |
| विशेष बचत | न्युनतम मौज्दात रु.१०,०००/- | ४.७५ |
| सुपर बचत | रु २५ हजार देखि माथी रु.१० लाख सम्मको मौज्दातमा | ४.७५ |
| | रु.१० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ५.०० |
| | रु.२५ लाख देखि माथीको मौज्दातमा | ५.२५ |
| एन सि बि एल समुन्नत बचत खाता | रु. १० लाख सम्मको मौज्दातमा | ५.०० |
| | रु. १० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ५.२५ |
| | रु. २५ लाख देखि माथी रु.५० लाख सम्मको मौज्दातमा | ५.५० |
| | रु.५० लाख भन्दा माथीको मौज्दातमा | ५.७५ |
| एन सि बि एल प्रीमीयम बचत खाता | न्युनतम मौज्दात रु.१००,०००/- | ५.२५-५.५० |
| अनिवार्य नियमित बचत | | १०.०० |
| क्रमिक बचत | ३ महिनाभन्दा माथी १ वर्षसम्मको अवधी | ९.७५ |
| | १ वर्षभन्दा माथी ३ वर्षसम्मको अवधी | १०.२५ |
| | ३ वर्षभन्दा माथी ५ वर्षसम्मको अवधी | १०.७५ |
| मुद्धती निक्षेप | ३ महिना देखि ६ महिनाभन्दा कम अवधि | १०.७५ |
| | ६ महिना देखि १ वर्ष भन्दा कम अवधि | ११.०० |
| | १ वर्ष देखि २ वर्ष भन्दा कम अवधि | ११.२५ |
| | २ वर्ष देखि ४ वर्ष भन्दा कम अवधि | ११.५० |
| | ४ वर्ष देखि ५ वर्ष सम्मको अवधि | ११.७५ |

**कर्जा तर्फ**

| कर्जाको प्रकार | अवधि | ब्याजदर प्रतिशत |
|---|---|---|
| (क) कृषि तथा कृषी परियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्षे | १०.५०-१२.५० |
| (ख) अन्य परियोजना कर्जा (किस्तावन्दी) | ३ महिना देखि १५ वर्षे | १०.५०-१३.०० |
| (ग) (Term Loan) आवधिक कर्जा मासिक किस्तावन्दी | ३ महिना देखि ४ वर्षे | १३.०० |
| | ५ वर्ष र सो भन्दा माथी | १३.२५ |
| (घ) हायर पर्चेज कर्जा (किस्तावन्दी) | १ वर्षे देखि ५ वर्षे | १३.५० |
| (ङ) लघु कर्जा (किस्तावन्दी) | ३ महिना देखि ५ वर्षे | १२.७५-१३.२५ |
| (च) दिगो सहकारी कर्जा | ३ महिना देखि ५ वर्षे | १३.७५ |
| (छ) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा | ५ देखि १० वर्षे | १३.००-१३.२५ |
| (ज) तरलता ब्यवस्थापन कर्जा | १ वर्षे | १३.७५ |
| (झ) चालु पुँजी कर्जा | १ वर्षे | १३.७५ |
| (ञ) आपतकालिन तरलता व्यवस्थापन कर्जा | ३ देखि ६ महिना | १२.०० |
| (ट) सहकारी व्यवस्थापन कर्जा | १ वर्षे | १३.५० |
| (ठ) सहकारी स्तरिकरण कर्जा | ३ महिना देखि ५ वर्षे | १२.५०-१३.२५ |
| (ड) साना तथा मझौला सदस्य कर्जा | ३ वर्षे | १३.५० |
| (ढ) उत्पादन/प्रसोधन/भण्डारण/बजारीकरण कर्जा | १ वर्षे देखि ५ वर्षे | १२.००-१३.०० |
| (ण) निक्षेप कर्जा | - | निक्षेपको दरमा थप २ प्रतिशत |
| (त) अल्पकालिन व्यवसायीक कर्जा | १ वर्षे | १३.७५ |
| (थ) मौसमी कर्जा | ३ महिना देखि १ वर्षे | १३.०० |
| (द) पर्यटन प्रबद्धन कर्जा | ३ महिना देखि १० वर्षे | १०.५०-१२.५० |
| (ध) सबल सहकारी कर्जा | ३ महिना देखि ५ वर्षे | १३.७५ |
| (न) गरीबी निवारण कर्जा | १ वर्षे देखि ५ वर्षे | १२.७५-१३.२५ |
| (प) व्यवसायीक किस्ताबन्दी कर्जा | ३ महिना देखि ४ वर्षे | १३.०० |
| | ५ वर्ष र सो भन्दा माथी | १३.२५ |

**नोट :**

(१) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्वःलगानी नियमानुसार हुनेछ ।

(२) लघुवित्त कर्जा, गरिबि निवारण कर्जा, सबल सहकारी कर्जा र दिगो सहकारी कर्जा लगानीको ब्याजदर संस्था बर्गीकरणको आधारमा ०.५० प्रतिशत फरक गरीनेछ ।

(३) मुद्दती निक्षेपको Bid Rate १२.०० प्रतिशत सम्म प्रस्ताव गर्न सकिनेछ ।

(४) अपाङ्ग, दलित र महिलाद्धारा मात्र संचालित संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म थपघट गर्न सकिनेछ । यस्तो सुविधा दोहोरो हुनेगरी प्रदान गरिनेछैन ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop